# आर्थिक बर्ष २०७८/०७९ को  नीति कार्यक्रम तथा बजेट

केदारस्यु गाँउपालिका

केदारस्यु गाँउपालिका
गाउँकार्यपालिकाको कार्यालय देउरा, बझाङ,
सुदुर पश्चिम प्रदेश
२०७८ असार १० गते

# खण्ड १

**परिचय समीक्षा**

केदारस्युँ  गाउँपालिकाका श्रद्धेय अध्यक्ष ज्यू,
प्रमुख अतिथि ज्यू,
गाउँपालिकाका सम्पूर्ण वडाध्यक्ष ज्यूहरु,
कार्यपालिका सदस्य ज्यूहरु,
गाउँसभाका सदस्यहरु,
कार्यालयका कर्मचारीहरु,
मित्रहरु ,

मुलुक संघीय शासन प्रणाली मार्फत गठित पहिलो स्थानीय सरकारको पाँचौं तथा अन्तिम बार्षिक नीति तथा कार्यक्रम यहाँहरु माझ लिएर उपस्थित भएकी छु। मुलुकलाई यस अवस्थामा ल्याई पुऱ्याउन आफ्नो जीवनपर्यन्त योगदान गर्नुहुने सम्पूर्ण राजनीतिक दलका अग्रजहरु, विभिन्न आन्दोलन एवं संघर्षमा जीवनको बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु, घाइते तथा बेपत्ता परिवारहरु, नागरिक समाज एवं परिवर्तनका सम्पूर्ण हिमायतीहरुप्रति विशेष सम्मान सहित स्मरण गर्न चाहन्छु।

आर्थिक बर्ष २०७६।०७७ को यर्थाथ ,आ.ब.२०७७।७८ को संशोधित र आगामी बर्ष २०७८।०७९को अनुमानित नीति तथा कार्यक्रम यस सम्मानित गाँउ सभामा प्रस्तुत गर्ने अनुमिति चाहान्छु।

यति बेला विश्व मानव जातिको अस्तित्व नै खतरामा पर्ने गरि कोरोना भाइरसको संक्रमण व्याप्त छ। विश्व अर्थतन्त्र नै जोखिममा परेको छ। करोडौ मानिसहरु यसको संक्रमणमा रहेका छन भने लाखौं मानिसहरुले आफ्नो अमूल्य जीवन गुमाइसक्नु भएको छ। यस सन्दर्भमा ज्यान गुमाउनु हुने सम्पूर्ण मानवजन र परिवारमा श्रद्धाञ्जली व्यक्त गर्दै शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु। साथै उपचारमा संलग्न सम्पूर्ण स्वास्थ्यकर्मी र व्यवस्थापनमा खटिनुभएका सबैप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

**सभाध्यक्ष महोदय,**

संकटको यस घडीमा थिलथिलिएको अर्थतन्त्रको साक्षी बन्दै यस गाउँपीलकाको भाग्य र भविष्यसँग जोडिएको गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हामीमाझ अनेकौं चुनौतीहरु आइपरेको यथार्थ छ। जसरी अँध्यारो रातपछि उज्यालो विहान अवस्य आउँछ, त्यसैगरि हामी माझको चुनौती पनि देश विकास एवं आत्मनिर्भरताको अभियानको एउटा ऐतिहासिक अवसरको रुपमा रहनेछ भन्ने मेरो विश्वास समेत व्यक्त गर्न चाहन्छु।

**सभाध्यक्ष महोदय,**

स्थानीय तहको निर्वाचन पश्चात स्थानीय सरकारको बागडोर सम्हालेको ४ वर्ष पूरा भई पाँचौं वर्षमा प्रवेश गरेको छ। संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदान एवं यस गाउँपालिकाको सिमित आयस्रोतका बावजुत हामीले निर्वाचनमा बाँडेका विकासका सपनाहरु पुरा हुँदै गएका छन्। आम नागरिकमा हामीले पुऱ्याएका सेवा एवं विकासका योजना तथा कार्यक्रमले दैनिकी फेरिदै गएको महसुस भएको छ। अल्मलिएको विकास प्रक्रियाले गति लिएको छ भने नागरिकका विकासप्रतिको चासो बढेको छ। हिजोका दिनमा हजारका योजनामा चित्त बुझाउने हामी आज करोडौका योजना आाफै संचालन गरिरहेका छौं। यो सबै तपाइ हाम्रो विकासप्रतिको लगाव, परिवर्तनको प्रतिफल एवं नागरिकको चाहनाबाटै सम्भव भएको छ। यसका लागि योगदान गर्ने संघीय सरकार, प्रदेश सरकार, विकासका साझेदार संस्थाहरु, सम्पूर्ण राजनीतिक दलहरु एवं आम सर्वसाधारणहरुमा म हार्दिक धन्यवाद दिन चाहन्छु।

**सभाध्यक्ष महोदय,**

अन्तिम कार्यकालको आ.व.मा प्रवेश गरिरहँदा हामीले अझै थुप्रै विकासका प्रतिफल दिनुपर्नेछ। विगतका चार आर्थिक वर्षका सिकाई एवं अनुभवलाई गम्भीर रुपमा समिक्षा गर्दै आगामी दिनमा अझ गतिशील र दिगो विकास जनतालाई दिनु छ। यस सन्दर्भमा नै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम केन्द्रित रहेको विश्वास यहाँहरुमाझ दिलाउन चाहन्छु। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघीय एवं प्रदेश सरकारको

नीति तथा कार्यक्रम, संघीय एवं प्रदेश सरकारको आवधिक योजना, नेपाल सरकारको राष्ट्रिय/अन्तराष्ट्रिय जगतमा प्रतिवद्दता जनाएका विषयहरु, दिगो विकासको लक्ष्य, एवं आम केदारस्युँ गाउँपालिकाबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुले व्यक्त गर्नु भएको विकासका चाहना र आकांक्षाहरु नै यस नीति तथा कार्यक्रमका मार्गनिर्देशनहरु हुन् ।

**सभाध्यक्ष महोदय,**

पिछिडिएको हिमाली जिल्ला बझाङको सवै भन्दा गहिरो ठाउँमा रहेको यस गाउँपालिकाका जनताको आवश्यकतालाई सम्बोधन गर्न छिटो र प्रतिफलयुक्त विकासलाई प्रवर्द्धन गर्न र न्यून स्रोतबाट अधिकतम क्षेत्र समेट्नु यस नीति तथा कार्यक्रमको मूख्य ध्येय रहेकोछ । कार्यान्वयन गर्न नसकिने प्रकृतिका विकासका योजना पेश गरी आम नागरिकमा भ्रम फैलाउनु र नीति तथा कार्यक्रमलाई विकासको मोटो कागजी दस्तावेज बनाउनु भन्दा कार्यान्वयन योग्य, संक्षिप्त कार्यक्रमको रुपमा अघि बढाउनु श्रेयस्कर ठानी यो नीति तथा कार्यक्रम ल्याइएको अवगत गराउन चाहन्छु ।

प्रस्तुत बजेट, नीति तथा कार्यक्रम २०७२ सालमा जारी भएको नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन , पन्धौं आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, राष्ट्रिय नीतिहरु, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, तथा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शन एवं योजना तर्जुमाको क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सल्लाह, सुझावहरु र सिकाईहरुका आधारमा आगामि आ.व को लागि प्रस्तुत बजेट, नीति तथा कार्यक्रम तयार गरिएको छ । कोरोना भाइरस कोभिड १९ को दोश्रो लहरले सृजना गरेको भयावह परिस्थितिका कारण पर्न गएको विश्वव्यापी प्रभावका कारण उत्पन्न भएको जनस्वास्थ चुनौती, रोजगारीमा पर्न गएको असर तथा जनताको दैनिकीमा आएको असहज अवस्थालाई सम्वोधन गर्न समेत यस बजेट, नीति तथा कार्यक्रमले सहयोग पुग्ने विश्वास लिएकी छु। प्रस्तुत नीति कार्यक्रम र बजेट कार्यान्वयनबाट गाउँपालिकाले लक्षित गरेका उद्देश्यहरु हासिल गर्न सघाउ पुग्नुका साथै **समृद्ध नेपाल, सुखि नेपाली** को परिकल्पनामा समेत सहयोग पुग्ने विश्वास समेत लिएकी छु । गाँउपालिकाको सामान्य पृष्ठभूमि यस गाँउ सभामा प्रस्तुत गर्दछु ।

**१.१ पृष्ठभूमि**

सुदुरपश्चिमको हिमाली क्षेत्रको धार्मीक पर्यटकिय दृष्टिले महत्तवपुर्ण क्षेत्रको रुपमा परिचित साविकको भैरवस्थान, रायल, बाझ र भामचौर गाविस अन्तरगत पर्ने केदार मन्दिर तथा बाइसे चौविसे राज्य सञ्चालनको समय काल देखि यस क्षेत्रको स्थानहरुलाइ दरा तथा भेगको रुपमा विभिजीत भएकोमा सो समय देखि यस स्थान देनि स्युँदरा कायम भइ सोइ आधारमा यस गाउँपलिकाको नाम केदारस्युँ गाउँपालिका राखिएको पाईन्छ ।

**अबस्थिति (सिमाना):**

बझाङ जिल्लाको दक्षिण तथा पश्चिमी भागमा अवस्थित केदारस्यूँ गाउँपालिका जिल्लाको मुख्य सडक खण्डसँग जोडिएको गाउँपालिका हो । उच्च पहाडी जिल्लाको रुपमा रहेका बझाङ जिल्लाकै धरातलिय विशेषता झल्काउने यस गाउँपालिका साविकका रायल, बाँझ, भामचौर र भैरवनाथ ४ (चार) वटा गा.वि.स मिलेर बनेको छ । यो गाउँपालिका हालको संघीय संरचना अनुसार प्रदेश नं ७ अन्तर्गत पर्दछ । जिल्लाको कुल क्षेत्रफलको ३.३ प्रतिशत भुभाग ओगटने यस गाउँपालिकाको कुल क्षेत्रफल ११३.९१ वर्ग किमी रहेको छ ।वडागत क्षेत्रफल अनुसार यस गाउँपालिकाको वडा नं. १ को क्षेत्रफल १५.४० वर्ग कि.मी. रहेको छ जुन कुल क्षेत्रफलको १३.६% रहेको छ । त्यसैगरी वडा नं. २ को क्षेत्रफल ४.४४ वर्ग कि.मी. (कुल क्षेत्रफलको ३.९%), वडा नं. ३ को क्षेत्रफल १३.७४ वर्ग कि.मी. (कुल क्षेत्रफलको १२.२%), वडा नं. ४ को क्षेत्रफल १५.७९. वर्ग कि.मी. (कुल क्षेत्रफलको १४%), वडा नं. ५ को क्षेत्रफल ११.९९ वर्ग कि.मी. (कुल क्षेत्रफलको १०.६%), वडा नं. ६ को क्षेत्रफल १५.९६ वर्ग कि.मी. (कुल क्षेत्रफलको १४.१%), वडा नं. ७ को क्षेत्रफल १३.८४. वर्ग कि.मी. (कुल क्षेत्रफलको १२.१%), वडा नं. ८ को क्षेत्रफल १४.८९. वर्ग कि.मी. (कुल क्षेत्रफलको १३.२%) र वडा नं. ९ को क्षेत्रफल ७.८३ वर्ग कि.मी. (कुल क्षेत्रफलको ६.९%), रहेको छ ।

**१.२ चालु आ.ब.को नीति तथा कार्यक्रमको  समीक्षा**

**सभाध्यक्ष महोदय,**

यस सम्मानित सभामा अब म चालु आ.ब. २०७७०७८ को  नीति तथा कार्यक्रमको  ५ वटा क्षेत्रको  नीति तथा कार्यक्रम सम्बन्धि सारमा समीक्षा प्रस्तुत गर्न चाहान्छु ।

अव म आगामी आ.व को वजेट तथा कार्यक्रम प्रस्तुत गर्नु अघि चालु आर्थिक वर्षको संक्षीप्त समीक्षा प्रस्तुत गर्न चाहन्छु । चालु आ.व. २०७७/०७८ मा यस गाउँपालिकामा विभिन्न शिर्षक मा **५१०५५३८१७७०** जम्मा भएकोमा विभिन्न शिर्षकमा चालु तथा पुजिगत खर्च गरि कुल **एकाउन्न करोड पाच लाख तेरपन्न हजार आठ सय सत्र पैसा सत्तरी रकम** मध्ये २९,६८,५२,२५७|६७ अक्षेरुपी उन्नतीस करोड अष्सठी लाख बाउन्न हजार दुइ सय सन्ताउन्न पैसा सत्सठी रकम खर्च भइ **२१,३७,०१,५६०|०० अक्षेरुपी रु एकइस करोड सैतीस लाख एक हजार पाचसय साठी** मा  मौज्दात रहन गएको छ आन्तरिक आम्दानी तर्फ **३० लाख** अनुमान गरिएकोमा हाल सम्म **रु.१२,५०,०००|०० अक्षरुपी रु बाह्रलाख पचास हजार मात्र राजस्व संकलन** भएकोले राजस्व संकलन अनुमान गरे भन्दा न्युन संकलन भएको देखिन्छ जसलाई आगामी आ.व.मा सुधार गर्नु पर्ने देखिन्छ ।

**क) आर्थिक क्षेत्र**

आर्थिक क्षेत्र अन्तरगत चालु आ.व. २०७७/७८ मा कृषि तथा पशु विकास सम्बन्धि कार्यक्रमहरुको लागि बिनियोजन सशर्त समेत गरी  **६,२०,८९,०००|०० अक्षेरुपी रु छ करोड विस लाख उनान्नबे हजार** मात्र बजेट बिनियोजन भएको मा हिउदे र वर्षे तरकारीको बीउ बिजन बितरण, ओखर, स्याउ, नासपाती जस्ता हिउदे फलफुलका बोटहरु बितरण कार्य सम्पन्न भएको छ । पशु सेवा अन्तरगत पशु चौपायाहरुको लागि बिभिन्न प्रकारका औषधि उपचारका कार्यहरु भएका छन । गरिबी निवारणका लागि लघु उद्यम विकास (मेड्पा) कार्यक्रम अन्तरगत ८० जना लघु उद्यमी सृजना गर्ने कार्य सम्पन्न भइरहेको छ॥ आगामी आ.व. मा सहकारीको अनुगमन, निरीक्षण र प्रतिवेदनको कार्य अगाडी बढाउनु पर्ने छ ।

**ख) सामाजिक क्षेत्र**

चालु आ.व. मा सामाजिक क्षेत्र अन्तरगत स्वास्थ्य तर्फ बिनियोजित संसोधन सहित कूल **बजेट रु २६,०७,४२,५३७|०० अक्षरुपी रु छविस करोड सात लाख बयालीस हजार पाच सय सइतीस मात्रबाट** आधारभूत स्वास्थ्य केन्द्रहरु सञ्चालन, करार कर्मचारी व्यवस्थापन, औषधि खरिद, कोरोना नियन्त्रण जस्ता कार्यहरु सम्पन्न भएका छन । शिक्षा तर्फ कूल बिनियोजित बजेट **रु.१८,५०,५४,०००|०० अक्षरुपी रु अठार करोड पचास लाख चौपन्न हजार मात्र बाट** निजि स्रोत शिक्षक तलब भत्ता, बिद्यालय सञ्चालन, पाठ्यपुस्तक खरिद लगायतका कार्यहरु भएका छन । कोरोना महामारीमा क्वारेन्टाइनका रुपमा प्रयोग भएका बिद्यालयहरुलाई निर्मलीकरण, रंगरोगन, सरसफाइ र मर्मत सम्भार गर्ने कार्य समेत भएको छ। COVID-19 नियन्त्रण र रोकथाममा बिभिन्न सरसफाइ सामाग्री, कम्बल, त्रिपाल, पि फम उपलब्ध गराएर गाउँपालिकालाई अतुलनिय योगदान गरेको छ । ज्येष्ठ नागरिकहरुलाइ सम्मान गर्दै कम्बल बितरण, नेपाल सरकारको नीतिनियम अनुसार सामाजिक सुरक्षा भत्ता बितरण, महिला हिंसा बिरुद्ध १६ दिने अभियान, महिला दिवस बिबिध कार्यक्रम सहित आयोजना, वालबिबाह न्यूनिकरणका लागि बिद्यालय स्तरीय कार्यक्रम, किशोरी तथा सरोकारवाला बिच अन्तरक्रिया कार्यक्रम, एकल महिला आय आर्जन कार्यक्रम, सुत्केरी आमा सँग उपाध्यक्ष पोषण कार्यक्रम तथा ग र घ बर्गका अपाङ्गता भएका ब्यक्तिहरुलाई भत्ता बितरण कार्यक्रमहरु सम्पन्न भै सकेका छन ।

**ग) पूर्वाधार क्षेत्र**

चालु आ.व. २०७७/७८ मा **भौतिक पूर्वाधार क्षेत्र तर्फ ७,३३,९६,६५०|०० अक्षरुपी रु सात करोड त्यत्तीस लाख छयान्ने हजार छ सय पचास मा रकम** विनियोजन भइ निमाण काय जस्तै ग्रामिण सडकहरु, साना सिचाइ कुलोहरु, बिद्यालय भवन, खानेपानी योजनाहरु लगायत बिभिन्न निर्माण कार्यहरु धेरै जसो सम्पन्न भै सकेको र केहि योजनाहरु निर्माण कार्यको अन्तिम चरणमा रहेका छन् । गाउँपालिकाका केही गौरभका योजनाहरु क्रमागत रुपमा निर्माणको क्रममा रहेका छन् । गाउँपालिकामा एक घर एक धारा कार्यक्रम ठेक्का भइ कार्य सुचारु रहेको छ ।गग्रमीण सडक तफ आ व **२०७७०७८ मा जम्मा गाउँपालिका अन्तरगत सञ्चालित ग्रामीण सडकहरुमा**

**१४।६६ कि मी निमार्ण कार्य  अन्तीम चरणमा रहेको र हाल सम्म यस केदारस्युँका विभिन्न स्थानमा सञ्चालित रोडहरुको ६५।३३८ कि मी सडक** निमाण कार्य सम्पन्न भएको छ ।

**घ) वन, वातावरण तथा बिपद् ब्यवस्थापन**

चालु आ.व. **२०७७/७८ मा वन, वाताबरण तथा बिपद् ब्यवस्थापन क्षेत्र तर्फ बिनियोजित कूल बजेट रु.८७,७५,०००।०० अक्षेरुपी रु सतासी लाख पचहत्तर हजार मात्र विभिन्न कार्यकम गरि ६०।३७** प्रतिशत  खर्च भएको छ । सामुदायिक बनहरुमा बृक्षारोपाण कार्य भएको छ ।

**ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

**सस्थागत विकास कालागि सर्शत सहित १०,५५,५०,६३०।७० अक्षरुपी रु दश करोड पच्पन्न लाख पाचस हजार छ सय तीस मात्र विनियोजन भइ ५६।९५** प्रतिशत रकम खर्च भएको छ ।संस्थागत विकास, सुशासन सार्वजनिक सेवा प्रवाहका लागि अपरिहार्य तत्व हुन । केदारस्युँ  गाउँपालिकाले गाउँकार्यपालिका तथा वडा कार्यालयहरुको नियमित सञ्चालनका लागि मसलन्द सामाग्री, फर्निचर तथा फिक्चर्स, कम्प्युटर तथा प्रिन्टर्स खरिद गरिएको छ । गाउँपालिकामा इन्टरनेट जडान गर्ने कार्य भएको छ ।

गाउँपालिकाको सुरक्षा ब्यवस्था मजबुत, चुस्त दुरुस्त राख्न केदारस्यु गाउँपालिका भित्र रहेका रायल प्रहरी चौकी, बागथला अस्थायी प्रहरी पोष्ट र भोता प्रहरी पोष्टलाइ सबैलाइ एक/एक बाइक खरिद गरि सुचारु रहेका छन । गाउँपालिकाको जग्गा खरिद गरि भवनको डी पी आर कार्य सम्पन्न भइ भवन निमाण कार्य कोलागि माग गरिनेछ ।

केदारस्युँ गाउँपालिका

## खण्ड २

## आगामी बर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम

**सभाध्यक्ष महोदय,**

केदारस्युँ गाउँपालिकाको आगामी बर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

### २.१ सोच लक्ष्य ,उदेश्य र अपेक्षित उपलब्धी

**सोचः** "प्राकृतिक श्रोत व्यवस्थापन , व्यवसायिक कृषि , पर्यटन र सहकारी समृद्ध गाउँपालिका"

**लक्ष्यः** "अति बिपन्न ,गरिब ,दलित सीमान्तकृत जोखिममा रहेको , आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका तथा पारिएका  नागरिकलाई रोजगारी " "सुखी तथा समबृद्ध  गाँउपालिका लागि  सम्पूर्ण जनताको  हातेमालो सहित साझेदारी "

**उदेश्यः**

**१.** स्वास्थ्य क्षेत्रमा अत्याधुनिक उपकरण सहित प्रत्येक नागरिकहरुलाई स्वास्थ्य सेवाहरुको पहुँचमा अभिबृद्धि गर्ने ।

२. हिंसा पिडत तथा  बिपन्न महिलाहरुलाहरुलाई शसक्तकरण गरी मागको आधारमा सीपमूलक तालिमहरु संचालन गरी दैनिक जीवन स्तरमा विकास गर्ने ।

३. गाँउपालिकाका अति गरिव तथा जोखिमा (कारोना भाइरस बाट प्रभाबित)  रहेका समुदायहरुलाई स्थानिय स्वरोजगारको बाताबरण सुर्जना गरी आत्मनिर्भर बनाउने ।

४ गाँउपालिकाको राजस्व सुधार योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी  तथा आयका श्रोतहरुको पहिचान र स्थानिय राजस्वलाई  परिचालन गरी  आन्तरीक आयलामा बृद्धी गर्ने ।

५.गाँउपालिकाका गौरवका योजनाहरुलाई निरन्तरता दिने ।

६..स्थानीय श्रोत साधन सीप तथा प्रबिधिको भरपूर उपयोग गरी जनसहभागितामा जोड दिने ।

७. सार्बजनिक सेवा प्रभावलाई जबाफदेही , पारदर्शी, छिटो छरीतो चुस्त दूरुस्त र प्रभावकारी बनाई आम नागरिकहरुलाई  सेवा सन्तुष्टिको अनुभूतिको आभास गराउने ।

८.स्थानीय मेलमिलाप कर्ताहरुको क्षमता बिकास  गरी सरल तथा सहज रुपमा टोल र बस्तीमा न्याय तथा मेलमिलापको अनुभुति गराउने साथै पालिकामा स्थानीय मेलमिलाप केन्द्र स्थापना गर्ने ।

९.कृषी गैर कृषी , लघु उद्यम विकास र पशुपाल क्षेत्रमा  स्थानीय उत्पादनलाई जोड दिएर बजारको सम्भाब्यता अध्ययन गरी स्थानिय विकासमा प्रभावकारी भुमिका निर्वाह गर्ने

१० कोरोना भाइरसको दोस्रो लहरलाई, नियन्त्रण गर्न, सरसफाई , उपकरण, औषधि तथा अन्य अति आबश्यक बस्तुहरुको ब्यबस्थापन गरी नागरिकहरुको जीवनलाई सुरक्षित बनाउने ।

११. पालिकाको शिक्षा क्षेत्रलाई प्रविधीमैत्री बनाई विद्यार्थीहरुको सिकाईलाई प्रभावकारी बनाउने

१२. विपदको जोखिमलाई मापन गरि स्थानिय नीति अनुसार प्रभावित परिवारलाई स्थापित गर्ने

१३. स्थानिय स्तरका विभिन्न संघ संस्थाहरुको परिचालन जोड दिई स्थानिय टोल, बस्तिको क्षमता विकास गराई सामाजिक विकासमा निरन्तरता दिने ।

१४. महिला बालबालिका, जेष्ठ नागरिक, दलित, अपांग, एकल महिला र अन्य पछाडी परेका ब्यक्ति समुदाय र बर्गको पहिचान गरि विभिन्न लक्षित कार्यक्रमको माध्यमबाट दैनिक जीवन निर्वाहमा टेवा पुऱ्याउने ।

१५.स्थानिय प्राकृतिक वातावरण बनजंगल, नदि, खानी र खोलानालाको आदिको सुरक्षा र स्तरोन्नतीमा जोड दिदै प्राकृतिक स्रोतको बचाउ गर्ने ।

१६. प्रत्येक वडा र टोलमा यातायात सुविधाको व्यवस्थामा जोड

**अपेक्षित उपलब्धी**

### २.२ बार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु

### २.२.१ समग्र नीति

१. पालिका क्षेत्र भित्र कालोवजारी, एकाधिकार, कृतिम अभाव सृजना गर्ने व्यवसायीलाई कार्वाही गर्न संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी अघि बढिने छ साथै बजार अनुगमनको कार्यलाई तिव्रताका साथ लागु गरिने छ ।

२. सहकारीमा आवद्ध विपन्न महिला, सीमान्तकृत गरिव समुदाय, फरक क्षमता भएका, भूमिहिन तथा पिछडिएको समुदाय र श्रमिकहरूलाइ एकल तथा सामुहिक रूपमा स्वरोजगारमूलक उद्योग व्यवसाय संचालन गर्ने क्षमता विकासका लागि विभिन्न तालिम प्रदायक संघ, संस्थाहरूसँग सहकार्य गरि आवश्यकपर्ने व्यवसायिक तथा सीपमूलक तालिम प्रदान गरिनेछ ।

३. पालिका भित्रका प्रत्येक समुदायमा एक गाउँ एक उद्यमको योजना बनाई ब्यबस्थापन गरिनेछ

४. हालको **COVID-19** लाई मध्यनजर गर्दै पशुपंछीबाट मानिसमा सर्न सम्ने विभिन्न खतराजन्य रोगहरुका बारेमा सचेतना बृद्धी गराई रोकथामका लागि प्रदेश कार्यालय संग समन्वय गरि विशेष पहल गरिनेछ ।

६. **गुणस्तरीय स्वास्थ्य सेवामा सवै नागरिकको सहज पहुँच** का लागि प्रा.स्वा केन्द्र **प्रभावकारी रुपमा उपलव्ध गराउने एवं आधारभूत स्वास्थ्य सेवा सवै वडातहबाटनै निःशुल्क रुपमा उपलव्ध गराईनेछ।** साथै रायल प्रा.स्वा. केन्द्रलाई १५ सैयाको अस्पतालको भवनलाई निमार्णकार्यलाई छिटो संचालनमा ल्याईनेछ ।

७. बालबलिकाको लागि स्थानिय आबश्यकता, बस्तुस्थिति, साँस्कृतिक, भाषिक, धार्मिक अबस्था अनुसार स्थानिय पाठ्यक्रम निर्माण गरी सोहि अनुसार पठनपाठन गर्न र स्थानिय ज्ञान, सिप, प्रविधिको प्रबर्द्धन गर्न आबश्यक पाठ्य पुस्तक तथा सन्दर्भ सामाग्रीको ब्यबस्था मिलाइनेछ

८. देउडा, गौरापर्व, धार्मिक मेला, साँस्कृतिक संग्रहालय, नृत्य कला, परम्परागत गहना तथा पोशाक, भारीखेल, ठाडोखेल, छलिया आदि ऐतिहाँसिक साँस्कृतिक रिति रिवाजको प्बर्द्धनका लागि पालिकाको धार्मिक तथा साँस्कृतिक प्रोफाईल निर्माण गरिनेछ ।

९.जल उपयोग गुरुयोजना निर्माण गरि गाउँपालिकाका प्रत्येक बस्तिहरुमा खानेपानीको अबस्था विश्लेषण गरि आबश्यक स्थानमा स्वच्छ खानेपानीको आपुर्ति गरिने छ ।

१०. यस पालिका क्षेत्र भित्र लैगिक हिँसा लागु औषध, बालबिबाह, बाल दुर्ब्यबहार, बालश्रम, विभिन्न किसिमका कुरिती र कुसंस्कार जस्तैः छाउपडी, बोक्सी, दाईजो र जारी प्रथा जस्ता सामाजिक बिकृति र कुरिति विरुद्धमा सचेतना, जागरण अभियान र तालिम संचालन गरिनेछ । सो कुरिति र कुप्रथालाई निमुल गर्न कानुन तयार गरि यथासिघ्र संचालनमा ल्याईनेछ ।

११. पालिका भित्र खेलका पुर्वाधार विकास र स्तरिय खेलकुदका कार्यक्रमलाई निरन्तरता साथै खेलकुद तथा सृजनात्मक कार्यकलाप मार्फत युवा तथा वालवालिकाहरुलाई अनुशासित, स्वस्थ, तन्दुरुस्त, चरित्रवान र सृजनशिल बन्दै धुम्रपान, लागुपदार्थ र दुर्ब्यसनबाट टाढा रहन उत्प्रेरित गरिनेछ ।

१२. पाालिकाको लैंगिक समानता र सामाजिक समाबेशीकरणको नीतिलाई पुर्ण रुपमा कार्यान्वयन गरिदै लगिने छ । आर्थिक, सामाजिक रुपमा परेका वा पारिएका महिला एकल महिला, बालबालिका, किशोर किशोरी, दलित अपांग सिमान्तकृत जनजाति,अल्पसंख्यक तथा फरक क्षमता भएका ब्यक्तिहरुको बहुआयामिक शसक्तिकरणमा जोड दिई आर्थिक र सामाजिक रुपले शसक्त बनाउदै लगिनेछ ।

१३. पालिका भित्र रहेका बजारक्षेत्र र बढी जनसख्या रहेको क्षेत्रमा सि सि टी भी जडान गरिने ।

१४. गाउँपालिका भित्र रहेका सडकहरुको बर्गीकरण गरी आबश्यक स्तरोन्नती गर्न सडक क्षेत्र भित्र वस्ति, घर तथा पुर्वाधारहरु निश्चित मापदण्ड तयार पारि सो को आधारमा निर्माण गरिनेछन् ।

१५. सिंचाइ योग्य भुमिमा सिचाइको लागि आबश्यक संरचनाहरु जस्तैः सिचाइ पोखरी, सिचाइ कुलो तथा क्यानल निर्माण कार्यमा प्राथमिकता दिईनेछ ।

१६. खरका छाना भएका आवाशहरुलाई पुर्ण रुपमा विस्थापित गर्न सुरक्षित आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७. राष्टिय प्रशारण लाईनलाई बाकि रहेका सबै बस्तिहरुमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१८. **पालिका अन्तर्गतका विभिन्न ठाउँका वन क्षेत्र नदी किनार वा सार्वजनिक क्षेत्र बाँझो राख्ने प्रवृत्तिलाई निरूत्साहित गरि चक्लाबन्दीमा जोड दिइनेछ।**

१९ गाँउपालिकाको सस्थागत स्वमूल्याकंनको नतिजाको आधारमा राम्रा अभ्यसहरुलाई निरन्तरता दिदै सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान गरि क्षमता विकास योजना तयार गरिनेछ र त्यसको कार्यान्वयमा तिव्रता ल्याइनेछ ।

२०. गाँउपालिकाका भित्र रहेका सबै टोलहरू समाबेश गरेर टोल विकास संस्था गठन गरि योजना तर्जुमा, उपभोक्ता समिती गठन, सार्वजनिक परिक्षण तथा अनुगमन कार्यमा परिचालन गरिनेछ । साथै टोल वस्तीमा समाजिक सहिष्णुता कायम गर्न एव सामजिक कुरितिहरुको उल्मुलन गर्न परिचालन गरिने छ ।

२१. न्याय सम्पादनलाई वैज्ञानिक र प्रभावकारी वनाई सवै समुदायको पहुच वढाई समुदायमा शान्तिपुर्ण वातावरण सृजना गर्न न्यायिक समितीको क्षमता अभिवृद्धि गरिने छ । साथै न्यायिक समितीको कार्यमा चुस्तता लाउन सवै वडामा सामुदायिक मेलमिलाप केन्द्र गठन गरी सामुदायिक मेलमिलापको माध्यमबाट विवाद समाधानमा जोड दिइनेछ ।

२२. सुचनाको आधारमा योजना तर्जुमा गर्ने पद्धतिको विकास गरिने छ जसका लागि गाउँपालिकाको बिद्युतिय पाश्व चित्र निर्माण गरि सवैको पहुचका लागि गाँउपालिको वेवसाइटमा राखिने छ ।

२३..महालेखा परिक्षकको कार्यालयले औल्याएका बेरूजुहरू समयमै फर्छौट गर्न तदारूकताकासाथ कार्य गरिनेछ र पालिकालाई बेरूजु शून्य पालिका वनाउने नीति अवलम्बन गरिनेछ ।

२४ गाउँपालिका भरीका खरले छोएका घरहरुमा टिन वा जस्ता पाताको व्यवस्थाको लागि अभियान गरेका छौं।

२५ एक घर एक युवा स्व रोजगार निति अनुरुप कुनै व्यक्तिको आयश्रोत कमजोर भइ पेश व्यवसाय गर्न नसकेको अवस्थामा शुन्य व्याजदरमा रिण उपलब्ध गराउने व्यवस्थालाइ अगाडी सार्ने छौं ।

**बर्षिक योजना तथा बजेटका प्राथमिकताहरु**

क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।
ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने
ग) स्थानीय सहभागिता जुट्ने, स्वयम्सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
घ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने
ङ) महिला, बालवालिका तथा पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
च) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
छ) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुऱ्याउने,
ज) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवेद्धिमा सघाउ पुऱ्याउने,
झ) स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु

**२.२.२ क्षेत्रगत नीती तथा आधारहरु**

**सभाध्यक्ष महोदय,**

यस सभामा क्षेत्रगत नीति अर्न्तगत आर्थिक बिकास अन्तरगत बिषयगत नीतिहरु प्रस्तुत गर्दछु ।

**क. आर्थिक विकास**

**अ) कृषि र पशु:**

१. करिव ९० प्रतिशत गाउँवासीको प्रमुख पेशाको रुपमा रहेको कृषिको व्यवसायीकरण र आधुनीकिरण गरी गरिवी न्युनिकरण गर्न कृषि र पशुविकास क्षेत्रका कार्यक्रमलाई थप परिमार्जन र परिस्कृत गरिनेछ ।

२. कोरोना भइरसको महामारीबाट कृषि क्षेत्रमा पर्ने नकरात्मक प्रभाव न्युनिकरणका लागि अल्पकालिन, मध्यकालिन र दिर्घकालिन कार्यक्रमहरु सञ्चालन गरिनेछ । कृषि क्षेत्रमा पर्ने नकरात्मक प्रभाव रहेको जोखिक न्युनिकरण गर्दै

विपन्न समुदाय वर्ग लक्षित (दलित, मुक्त हलिया, एकल महिला, द्वन्द पिडित आदी) आय आर्जनका कार्यक्रम मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि प्राविधिक सहायता सहित सिचाई, उन्नत विउ र मलको उपलब्धता सुनिश्चित गरिनेछ ।

३. केदारस्युँ गाउँपालिका शुन्य बाँझो जग्गा अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न न्युनतम ४ रोपनी बाँझो जग्गामा खेती गर्ने किसानलाई उपयुक्त प्रोत्साहन गर्ने नीति लिइनेछ ।

४. सामुदायिक तथा कबुलियती वन क्षेत्रमा सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा उत्पादन कृयाकलापहरु जस्तै मेलमा नास्पाती र दाँते  ओखर कलमी, अमला खेती, रिठा खेती, अम्रिसो खेती, गलैची खेती जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. कृषकसँग गाउँपालिका प्रमुख : कार्यक्रम अन्तरगत स्थान विशेषको सम्भाव्यताको आधारमा विस्तार गरिएको पकेट क्षेत्रलाई निरन्तरता दिइनेछ । एक वडा एक नमुना उत्पादन केन्द्रलाई थप व्यवस्थित एवं पुरस्कृत गरिनेछ ।

६. उत्पादन कार्याक्रममा संलग्न कृषकलाई न्युनतम ५ रोपनी भन्दा बढी क्षेत्रफलमा व्यवसायिक तरकारी खेती गरे वापत उत्पादनको मुल्याङ्कन गरी सोही अनुसार प्रोत्साहन अनुदानको कार्यविधि बनाइ लागु गरिनेछ । केदार कृषक प्रोत्साहन कोष स्थापना गरी न्युनतम ५ रोपनी जग्गामा व्यवसायीक खेती गर्ने किसानलाई केदार कृषि पुरुस्कारबाट सम्मानित गरिनेछ ।

७. वैदेशिक रोजगारीबाट फर्किएका र कोरोकना महामारीबाट प्रभावित युवा तथा कृषि विषय अधययन गरेका प्राविधिकहरुलाई कृषि उकत्पादन कार्यमा सहभागी हुन सहुलियत कार्जाको व्यवस्थाका लागि बैंक तथा वित्तीय क्षेत्रसँग समन्वय गरिनेछ । सबै वडामा कृषि प्राविधिकको सुनिश्चिता गर्दै नमुना कृषि प्रदर्शन प्लटमा कृषकलाई प्लटमै तालिमको व्यवस्था मिलाइनेछ । सामुहिक व्यापार व्यवसाय गर्नेहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

८. कृषि क्षेत्रको तथ्याङ्क अध्यावधिक गर्दै सिचाईको सुविधा नभएका र विस्तार हुने क्षेत्रको पहिचान गरी संघीय र प्रदेश सरकारसंगको समन्वयमा सिचाईको व्यवस्था गरिनेछ ।

९. परम्परागत र निर्वाहमुखी कृषि प्रणालीलाई प्रतिस्थापन गरी आधुनिक कृषि प्रणालीको विकास गर्न सामुहिक खेती पद्दतीलाई पाइलट प्रोजेक्टको रुपमा सञ्चालन गरिनेछ । व्यवसायीक कृषकहरुको प्रतिस्प्रधात्मक क्षमता विकास गर्नका लागि वडा तहमा र गाउँपालिका स्तरमा कृषि मेला प्रर्दशनी, एवं बजारीकरण गरिनेछ ।

१०. पशुपालनलाई जनताका आधारभुत आवश्यकता पुरा गर्ने माध्यमका रुपमा विकास गर्नुका साथै व्यवसायीकरण तर्फ उन्मुख गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । समय समयमा निःशुल्क भ्याक्सिन, घाँसे विउ वितरण, भेटनरी अस्पताल तथा विज्ञ केन्द्रसँग समन्वय गरी निःशुल्क पशुस्वास्थ्य शिविर सञ्चालन गरिनेछ । अण्डा, दुध, मासुर माछामा आत्मनिर्भर हुन उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ । एकल महिला, दलित, मुक्त हलिया, जनजाती तथा पिछडिएको वर्ग लक्षित बाखा पालन कार्यक्रम सञ्चालन गरिनेछ ।

११. कार्यक्रमहरुमा दोहोरोपना नहोस् भन्नका लागि कृषि ज्ञान केन्द्र, भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र लगायत अन्य सरकारी तथा गैरसरकारी निकायहरुसंगकाो समन्वयमा एकद्धार प्रणालीबाट कार्यक्रम सञ्चालन गरिनेछ । भने कृषकको आफ्नै कृषि हाटबजारको व्यवस्थापना गरिनेछ । कृषि उपजको मुल्य निर्धारण गरी ढुवानीमा अनुदानकाो व्यवस्था गराइनेछ ।

१२. हल्दी खुसानी - गाउँपालिका बाहिरको नखाने अभियान अन्तरगत उत्पादित हल्दी खुर्सानीको प्याकेजिङ्ग र प्रमोटिङ्ग कार्यक्रमलाई यस आ.व.मा समेत निरन्तरता दिइनेछ ।

१३. शिक्षित वेरोजगारलाई रुची र योग्यता अनुसार स्वरोजगारमुलक कार्यक्रम सञ्चालन गरिनेछ । प्रधानमन्त्री रोजगार कार्य  क्रमको प्रभावकारी कार्यान्वयनका लागि रोजगार सेवा केन्द्रलाई रोजगार सुचना केन्द्रका रुपमा समेत विकास गरि, कृषि तथा पशुपालन क्षेत्रमा काम गर्न इच्छुक सुचिकृत बेरोजगारलाई विशेष प्रातमिकता दिइनेछ । कामको आधारितमा राहातलाई जोड दिइनेछ । सुचिकृत वेरोजगारहरुलाई व्यवसायिक बनाउन लगानीका लागि घरेलुतथा साना उद्योग विकास समिति लगायतका अन्य सरकारी तथा गैर सरकारी निकायहरुसंग समन्वय गरी उद्यमशीलता वृद्धि गरिनेछ ।

१४. कोभिड -१९ बाट विस्थापित भई भारत लगायतका विभिन्न देशबाट फर्कि आएका वेरोजगारहरुको लगत संकलन गरी रोजगार सेवा केन्द्रमा सुचिकृत गरिनेछ । वेरोजगारलाई स्वाबलम्बी बनाउनका लागि गाउँपालिका

तथा विभिन्न संघ संस्थाबाट दिइने सिपमुलक तालिममा सुचिकृत वेरोजगारलाई विशेष प्राथमिकता दिइनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रममा अध्यक्षसंग रोजगार कार्यक्रम जोडी रोजगारका थप कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. पाडा हुर्काउने भैसी पालक किसानलाई कम्तिमा ५ वटा भैसी पालन गरेमा निशुल्क पशुबिमा गराइदिने व्यवस्था मिलाइनेछ ।

१६. आ व २०७७०७८ लाई कृषि लगानी वर्षका रुपमा मनाइनेछ, कृषि तथा पशुविकासका क्षेत्रमा विस लाख बढि लगानी गर्ने नीजि क्षेत्र लागनी कर्तालाई कर छुट, नविकरण निःशुल्क २ वर्ष सम्म करछुट गर्ने लगाएतका लगानीमैत्री नीति लिइनेछ भने वन जन्य, कृषिजन्य, पशुजन्य, मासुजन्य र दुधजन्य लगायतका स्थानीय उत्पादनमा आधारित उद्योग स्थापनाका लागि लगानीकर्तालाई प्रोत्साहन गरिनेछ। हाल सञ्चालनमा रहेका मासु पसलहरुलाईृ व्यवस्थित गरिनेछ ।

१७ उपलब्ध स्थानीय स्रोत,श्रम, सीप र पूँजीको सामुहिकरुपमा परिचालनको माध्यमबाट उत्पादकत्ववृद्धि गरीनगरक्षेत्रको दीगो र समतामुलक आर्थिक विकास गरिनेछ ।

**१८.** जैविक खेतीलाई प्रोत्साहन गरि मुख्य खाध्यन्न बाली जस्तैः धान, गहुँ र मकैको उन्नतजातका विउँहरु वितरण गरि कृषि उत्पादन र उत्पादकत्वलाई बढाउदै कृषि पेशालाई सम्मानित, प्रतिस्पर्धि र व्यवशायिक बनाइने छ ।

१९. लोपहुन लागेका रैथाने वाली उत्पादनमा जोड दिइने छ ।

२०. **पशु स्वास्थ्य सेवामा विस्तार, नश्ल सुधार, पशु आहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि पशुपालन पकेट क्षेत्रको रूपमा विकास गरी माछा, मासु, दुध, अण्डा उत्पादनमा** पालिकालाई **आत्मनिर्भर** बनाउन तथा वजारिकरणका लागि विशेष पहल र **प्रोत्साहान गरिनेछ।**

२१. पशु स्वास्थ्य कुधारकालागि कृषकहरुलाई जनचेतनामुलक कार्यक्रम संचालन गरि अनिवार्य रुपमा पशु पंछीको विमा गर्न प्रोत्साहन गरिनेछ ।

२२.स्थानिय लोपोन्मुख जातका पशुपंछिहरुको संरक्षण गर्दै स्थानिय जातका गाई भैसीहरुमा उत्पादन क्षमता बृद्धी गर्न कृतिम गर्वाधान सेवा विशेष रुपमा अगाडी बढाईनेछ ।

२३.हालको **COVID-19** लाई मध्यनजर गर्दै पशुपंछीबाट मानिसमा सर्न सम्ने विभिन्न खतराजन्य रोगहरुका बारेमा सचेतना बृद्धी गराई रोकथामका लागि प्रदेश कार्यालय संग समन्वय गरि विशेष पहल गरिनेछ ।

२४.पशु पालनको क्षेत्रमा संलग्न विभिन्न ब्यबसायी तथा फार्महरुको स्वलगानी समेत रहने गरी दुग्ध उत्पादन, दुग्ध जन्य पदार्थ उत्पादनका लागि डेरी पसलको स्थापन, माशु उत्पादन र स्वच्छ मासु पसलहरुको स्थापनाकालागि विशेष अनुदानको पहल गरिनेछ ।

२५.पशुपालनका क्षेत्रमा कृषकहरुले आफुले संचालन गरिएका विभिन्न ब्यबसाय / फार्महरुलाई सहज रुपमा औषधी उपचार तथा सेवा प्रवाहका लागि सडक नजिकका बजारमा कृषि तथा पशुपंक्षी एग्रोभेट स्थापना गर्न विशेष अनुदाको पहल गरिनेछ ।

२६. विशेष गरी पोषणको क्षेत्रमा सुधार गर्न सुनौला १००० दिनका आमा सुमुहहरु अण्डा उत्पालनका लागि कुखुराका चल्ला वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**इ) उद्योग तथा वाणिज्य**

१. वडा नं. १, ४ र ९ स्थानमा मा रहेका ढुंगा, गिट्टी बालुवा तथा स्लेट खानीको ब्यबस्थापन तथा संरक्षण गरि उत्पादन, परिचालन र प्रयोजन गरिने छ ।

२. मदिरा ब्यबस्थापन गर्न वडा न निश्चित ठाउँमा मात्र विक्रि वितरण गर्ने कार्य लाई जोड दिइनेछ। यसलाई प्रभावकारि बनाउन नागरिक समाज, उद्योग बाणिज्य संघ प्रहरी प्रशासन बुद्धिजिवी समाजसेवी सबैको सहयोग लिई कार्यक्रम संचालन गर्ने

३. पालिका भित्रका प्रत्येक समुदायमा एक गाउँ एक उद्यमको योजना बनाई ब्यबस्थापन गरिनेछ ।

**ई)पर्यटन**

१. गाउँपालिका भित्र पर्यटकिय गतिविधी बढाउन पालिकाका सबै वडाहरु अन्तर्गतका धार्मिक स्थलको ब्यबस्थापन र परिचालन गरिने छ ।

२ गाउँपालिकाको दोभान मा हुने महोस्वलाइ प्रचार प्रसार गरिने छ ।

**उ) सहकारी**

१. सहकारीमा आवद्ध विपन्न महिला, सीमान्तकृत गरिव समुदाय, फरक क्षमता भएका, भूमिहिन तथा पिछडिएको समुदाय र श्रमिकहरूलाइ एकल तथा सामुहिक रूपमा स्वरोजगारमूलक उद्योग व्यवसाय संचालन गर्ने क्षमता विकासका लागि विभिन्न तालिम प्रदायक संघ, संस्थाहरूसँग सहकार्य गरि आवश्यकपर्ने व्यवसायिक तथा सीपमूलक तालिम प्रदान गरिनेछ ।

२. सहकारी कार्फत सबै वडामा आबश्यकता अनुसार मलखाद र विउ विजन सजीलै उपलब्ध गराइने ब्यबस्था मिलाई अर्गानिक मल उत्पादनमा जोड दिइनेछ ।

**ऊ) वित्तिय**

१. पालिकाको आर्थिक बृद्धीदर १० प्रतिशतमा पुगाईनेछ ।

२. आन्तरिक आयका स्रतहरुको प्रयोजन र ब्यबस्थापन गरि कर प्रणालीलाइ थप ब्यबस्थापन गर्दै आन्तरिक आयलाई बृद्धि गरिनेछ ।

३.धार्मिक पुरातात्वीक, साँस्कृतिक र पर्यटकिय स्थलहरुको पहिचान, प्रवर्द्धन र विकास गरि आन्तरिक तथा बाह्यि पर्यटकहरुलाई आपर्षण गरि आम्दानीमा बृद्धि गरिनेछ ।

## ख. सामाजिक विकास सम्बन्धी नीति

**सभाध्यक्ष महोदय,**

यस सभामा क्षेत्रगत नीति अर्न्तगत सामाजिक बिकास अन्तरगत बिषयगत नीतिहरु प्रस्तुत गर्दछु ।

**अ) शिक्षा**

१. नेपाल सरबारले तोकेको शर्त तथा मापदण्ड पालना गरि केदारस्युँ गाउँपालिकाको अनुमति वा स्वीकृतिमा सरकारी सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पुर्वाधारयुक्त प्रारम्भीक वालविकास कक्षा र वालविकास तथा स्याहार केन्द्रको ब्यबस्थापन गरी बालविकास कार्यक्रम संचालन गरिने छ ।

२. केदारस्युँ गाउँपालिकाको पाठ्यक्रम निमाण गरि लागु गरिनेछ ।

३. बालबलिकाको लागि स्थानिय आबश्यकता, बस्तुस्थिति, साँस्कृतिक, भाषिक, धार्मिक अबस्था अनुसार स्थानिय पाठ्यक्रम निर्माण गरी सोहि अनुसार पठनपाठन गर्न र स्थानिय ज्ञान, सिप, प्रविधिको प्रबर्द्धन गर्न आबश्यक पाठ्य पुस्तक तथा सन्दर्भ पामाग्रीको ब्यबस्था मिलाइनेछ ।

४. विद्यालय सेवा क्षेत्र सम्बन्धी मापदण्ड तथा कार्यविधि अनुसार विद्यालयहरुलाई विद्यालय सेवा क्षेत्र अनुरुप ब्यबस्थित गरिनुका साथै आबश्यकता र जनशक्ति अनुसार नेपाली र अंग्रेजी माध्यमबाट पठनपाठन गरिने ब्यबस्थामिलाईनेछ ।

५. कोभिड १९ विश्वब्यापी महाँमारीका कारण प्रभावित भएको शिक्षालाई बैकल्पिक माध्यमबाट संचालन गर्न संघिय र प्रादेशिक सरकार संग सहकार्य गर्दै विद्यालय शिक्षामा बैकल्पिक माध्यमबाट पठनपाठन गर्न आबश्यक ब्यबस्था गरिनेछ । यसका लागि विद्यालय शिक्षालाई **ICT** संग जोडिनेछ ।

६. नेपाल दुरसंचार को सुचना बमोजिम नै सम्पुर्ण सामुदायिक विद्यालयमा सुचना प्रविधिको व्यवस्था गर्ने प्रतिवत्ता बमोजिम नेपाल दुरसंचार सेवा मा पहल गरिनेछ ।

७. सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न कार्यरत शिक्षकको क्षमता विकासका लागि तालिमको व्यवस्था गर्दै गाउँ क्षेत्रका सबै सामुदायिक विद्यालयहरुमा खानेपानी र सरसफाइको पूर्ण व्यवस्था गरी सबै विद्यालयलाई पूर्ण सरसफाई उन्मुख विद्यालयका रुपमा घोषणा गरिने छ ।

८. शैक्षिक सुधारमा म सक्षम छु कार्यक्रमलाई निरन्तरता दिई विद्यार्थी-शिक्षक-अभिभावकलाई क्षमता अभिवृद्धि का साथै निरन्तर अन्तरकृया गरी शैक्षिक गुणस्तर सुधार गरिनेछ ।

९. **“सबैका लागि शिक्षा सधैका लागि शिक्षा”** भन्ने नारालाई मूर्तरुप दिन विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ। गाउ क्षेत्रमा निर्माण गरिने सवै भौतिक संरचना अपाङ्ग मैत्री एब लैगिक मैत्री बनाउन नीतिगत व्यवस्था गरि लागु गरिनेछ।

१० “**आफू जहाँ आफन्त ताहाँ** ”कार्यक्रमको निरन्तरता स्वरुप सरकारी विद्यालयमा पढाउने जनप्रतिनिधी र कर्मचारीहरुलाई सम्मान गर्ने निती लिइनेछ।

११ छोरालाई संस्थागत र छोरीलाई सामुदायिक विद्यालयमा पढाउने प्रचलनका कारण दिनप्रतिदिन बढ्दै गएको शैक्षिक विभेद अन्त्य गर्न शिक्षामा समानता सामाजिक रुपान्तरणमा सहजता कार्यक्रममा लागु गरिनेछ।

१२.यस केदारस्युँ गाउँपालिकामा सबैकालागि अनिवार्य तथा निशुल्क आधारभुत शिक्षा सुनिश्चित गर्न विद्यालय शिक्षामा पहुँच र सहभागिता, संस्थागत क्षमता विकास र गुणस्तर सम्बन्धी विभिन्न कार्यक्रम संचालन गरिनेछन् ।

१३. आधारभुत तहका सम्पुर्ण बालबालिकाहरुलाई अनिवर्य विद्यालयमा भर्ना गरिनेछ। साथै पालिकाद्धारा विद्यालय भर्ना सम्बन्धी घरदैलो अभियान संचालन गरिनेछ।

१४. विद्यालय शिक्षामा सुशासन, जवाफदेहिता र उत्तादायित्व कायम गर्न आबश्यक छलफल, अन्तरक्रिया कार्यशालाको ब्यबस्था गरिनेछ।

१५. विद्यालयको वातावरण बालमैत्री, अपांगमैत्री र सिकाई अनुकुल बनाउन आबश्यक पहल गरिनेछ।

१६. सूचकमा आधारित विद्यालयहरूको नियमित अनुगमन र नियमनलाई थप प्रभावकारी बनाई अभिभावकहरूको अर्थपूर्ण सहभागितामा विद्यालय व्यवस्थापनमा सुधार गरिनेछ ।

१७. विद्यालय शिक्षा क्षेत्रको समग्र सुधार र विकासका लागि अल्पकालीन एवम् दीर्घकालीन सोचसहित यस पालिकाबाट स्कीकृत शिक्षा विकास गुरूयोजना कार्यान्वयनलाई प्राथमिकतासहित निरन्तरता दिइनेछ

१८. विद्यालय उमेर समूहका कुनै पनि बालबालिका नछुट्ने गरी सघन भर्ना अभियान सञ्चालन एवम् अभिभावकबिहीन बालबालिकाको अभिभावकत्व ग्रहण गरिनेछ । अपाङ्गता एवम् विशेष सिकाइ क्षमता भएका बालबालिकालाई प्रत्येक कार्यक्रममा प्राथमिकता दिइनेछ ।

१९. सबै विद्यालयहरूलाई पर्याप्त पूर्वाधार सहितको सुविधा सम्पन्न विद्यालयको रुपमा विकास गर्न विद्यालयहरूमा आवश्यक भवन, स्वच्छ खानेपानी, शौचालय, खेल मैदान, घेराबार, फर्निचर आदिको व्यवस्था तथा मर्मत सँभार गरिनेछ ।

२० गुणस्तरीय विद्यालय शिक्षा प्रवर्द्धनका लागि दिवाखाजा, खेलकुद तथा अतिरिक्त क्रियाकलाप, छात्राहरूलाई निःशुल्क सेनेटरी प्याड वितरण, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, पुस्तकालय, छात्रवृत्ति जस्ता कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

२१. सँस्थागत विद्यालयहरूलाई सेवामुखी बनाउन कार्यविधि बमोजिम नियमित अनुगमन, नियमन र नियन्त्रण गर्दै शैक्षिक गुणस्तर कायम गरिनेछ ।

२२. विद्यालय सुशासन प्रवर्द्धन गर्न विद्यालय व्यवस्थापन समिति गठन  नेतृत्व क्षमता विकास तथा सामाजिक परीक्षण गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गरिनेछ ।

२३. शिक्षकहरुको नियमितता र विद्यालयमा कार्य समय सुधारका लागि सबै विद्यालयहरुमा क्रमशः ई-हाजिरीको व्यवस्था गरिनेछ ।

२४. शिक्षण सिकाइ र परीक्षालाई परिपूरकका रूपमा लिदै विद्यालय शिक्षा गुणस्तरको मापक आधारभूत तहको कक्षा ८ को अन्तिम परीक्षालाई गुणस्तरीय व्यवस्थित, मर्यादित र स्तरीकृत बनाईनेछ ।साथै कक्षा ८ को परिक्षाफल ।MESI देखि निकालिनेछ ।

२५.विद्यालयका शिक्षक तथा पालिकाका कर्मचारीहरूमा अनुसन्धान सिपको विकास गरी उहाँहरूबाट गरिएका स्थलगत अनुसन्धानका आधारमा शिक्षामा तथ्यपरक सुधारको थालनी गरिनेछ ।

२६ विद्यालय पहुचँबाट टाढा रहेका समुदायमा बालबालिकालाई ग्राह्रो भएको ठाउँमा ३ वटा बालकक्षा अनुदान यसै आ व बाट प्रदान गरिने स्थानिय तह सरकारले निर्णय गर्नेछ ।

## आ) स्वास्थ्य

१. प्रत्येक वडामा निमाण भएका स्वास्थ्य चौकी भवनलाइ स्तरउन्नती गरि स्वास्थ्य चौकी को भवन निमाण नभएका ठाउँ भवन निमाणको प्रक्रायालाइ जोड दिइनेछ ।

२ खोप सुरक्षित मातृत्व प्रजनन स्वास्थ्य पोषण जस्ता जनस्वास्थ्य सग सम्बन्धित आधारभूत सेवा सुविधालाई अझ प्रभाबकारी बनाइने छ ।

३ भारत लगायतका मुलुकहरु र अन्य जिल्लाबाट आउनु भएका व्यक्तिहरुलाई सुरक्षित तवरले राख्न क्वारेन्टाइनहरुलाइ थप व्यवस्थित बनाइने छ क्वाइन्टाइनमा रहेका व्यक्तिहरुका लागि योगाभ्यास मनो स्वास्थ्य एब मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

४ कोभिड १९ बाट बच्न अवलम्बन गर्नुपर्ने उपायहरु यसको रोकथाम नियन्त्रण र उपचार सम्बन्धी जनचेतनामूलक सन्देश एव कार्यक्रमहरुलाई निरन्तरता दिइ कोभिड १९ को रोकथाम नियन्त्रण र उपचारमा खटिने स्वास्थ्य कर्मी तथा अन्य जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री ( मास्क, पन्जा , सेनटिाइजर , पिपिजी , पिपिई) को अभाव नहुने गरि व्यवस्था मिलाइने छ ।

५ किशोर किशोरी स्वास्थ्य शिक्षा सचेतनामूलक कार्यक्रममा विभिन्न संघ संस्थाको सहयोग समन्वय र साझेदारीमा सञ्चालन गर्ने नीती अवलम्बन गरिनेछ ।

६. कोभिड १९ र अन्य प्रकोपको रोकथाम , नियन्त्रण र उपचारका लागी सबै वडामा आवश्यक प्रवन्ध मिलाईने छ। साविकका गाविस केन्द्रमा रहेका ४ वटा स्वास्थ्य चौकीलाई कोरोना उपचार केन्द्रका रुपमा विकास गरिनेछ । त्यसैगरि उक्त स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापनाका लागी आवश्यक जनशक्ती र उपकरणको प्रबन्ध गरिनेछ ।

७. कोभिड-**१९** रोगको रोकथाम तथा ब्यबस्थापन गर्न प्रत्येक स्वास्थ्य संस्थामा हप्ताको १ दिन RDT Antigen जाँच तथा स्वाब संकलनको ब्यबस्था गरिनेछ ।

८. प्राथमिक स्वास्थ्य केन्द्र रायललाइ **स्वीकृत १५ सैयाको अस्पतालको डि पी आर निमाण भइ १५ सैया** भवनको निमाण कार्यको लागि आबश्यक पहल गरिनेछ ।

९. खोप पाउनु पर्ने उमेर समुहका सबै बालबालिकाहरुलाई पुर्ण खोप दिलाई पुर्ण खोपको सुनिश्चित कायम गरी वडा स्तरबाटै पुर्ण खोपयुक्त वडा घोषणा गरि पुर्ण खोपयुक्त पालिका घोषणा गर्न सिफारिस गरिनेछ ।

१०. स्स्वास्थ्य संस्थामा प्रसुती सेवाको क्षमता अभिबृद्धि गराई संस्थागत सुत्केरी बढाउनमा जोड दिईने छ। घरमा हुने सुत्केरीलाई निरुत्साहित गरी घरमा सुत्केरी सुन्य वडा हुदै पूर्ण संस्थागत सुत्केरी पालिका घोषणाका लागि सिफारीस गरिनेछ।

११. प्रत्येक वडामा रहेका आधारभुत स्वास्थ्य सेवा केन्द्रको क्रमशः क्षमता अभिबृद्धि गर्दै सेवा बिस्तार गरी वडा तहमै प्रयोशाला सेवा बिस्तार गरिदै लगिने छ।

१२. गुणस्तरीय तथा स्वास्थ्यप्रवर्धक खाद्य पदार्थको प्रवर्धन र प्रयोग मार्फत कुपोषणलाई न्युनिकरण गर्दै लगिने छ साथै सबै बालबालिकाहरुको पुर्ण बृद्धि अनुगमन सहित तोकिएका सुचकाङ्कहरु पुरा गरी पोषण मैत्री वार्ड, स्वास्थ्य संस्था घोषणा गर्दै पोषण मैत्री पालिका घोषणाको आधार तयार पारी पोषण मैत्री पालिका बनाईने छ।

१३. पालिका क्षेत्रभित्रका प्रत्येक वडा बासीको पहुँच पुग्ने गरी मधुमेह,उच्च रक्तचाप र आङ खस्ने समस्याको निःशुल्क स्वास्थ्य परिक्षण र उपचार गरिने छ।

१४. पालिका भित्र स्वास्थ्य बिमा कार्यक्रमलाई बढी प्रभावकारी र आम जनता सम्म पुर्याउन बिशेष पहलको साथ्-साथै कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका र स्वास्थ्यकर्मीहरुको नि ;शुल्क बिमा गरिने छ ।

१५. गरिब , असाहय ,अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुको उपचारमा बिशेष सुविधा प्रदान गरिनेछ ।

१६. सुनौला हजार दिनका आमाहरुलाई अण्डा, कुखुरा वितरणका साथै गर्भवती र सुत्केरी महिला संग उपाध्यक्षको पोषण कोसेली कार्यक्रमको निरन्तरता दिइनेछ।

१७. कोभिड-१९ रोग तथा महामारीजन्य रोगबाट सेवामा खटिएको समयमा स्वास्थ्यकर्मीहरुको मृत्यु भएमा आबश्यक बिमाको व्यवस्था गरिनेछ।

१८. गाउँपालिका भित्र रहेका स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई कोरोना रोग लगाएतका माहामारीजन्य रोगहरुका बारेमा अभिमुखीकरण , रोकथाम तथा नियन्त्रण कार्यक्रम संचालन गरि जनचेतना अभिबृदी कार्यक्रम संचालन गरिने छ।

१९. आयुर्बेध औषधालयलाई आवश्यक पर्ने भौतिक पूर्वाधार तथा मानव संशाधनको लागि सम्बन्धित निकायमा पहल गर्नुको साथै प्राकृतिक चिकित्सा सेवा बिस्तार गरिनेछ।

## इ) **खानेपानी तथा सरसफाई**

१. एक घर एक धारा लाइ जोड दिइ गाउँपालिकाका प्रत्येक बस्तिहरुमा खानेपानीको अबस्था विश्लेषण गरि आबश्यक स्थानमा स्वच्छ खानेपानीको आपुर्ति गरिने छ।

२ विद्यालय खानेपानि सरसफाई तथा स्वच्छता योजना अनुरुप विद्यालयहरुलाई तीनतारे सुचक पुरा गर्न कार्यक्रम संचालन गरिनुका साथै महिनावारी स्वच्छताका लागि निःशुल्क स्यानीटरी प्याड बैंकको ब्यबस्था गरिनेछ।

३. **सड्ने र नसड्ने फोहर राख्ने कन्टेनरको माध्यमबाट फोहर व्यवस्थापन गरी सडेको मल प्रयोग गरी हरियाली वगैचा निर्माण गर्नेलाई पुरुशकारको व्यवस्थान** गरिने छ।

४.**वजार क्षेत्र र सार्वजनिक स्थलमा सार्वजनिक शौचालय निर्माण, मर्मत सम्भार तथा संचालनको व्यवस्था मिलाईनेछ।**

५. विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु संग समन्वय र सहकार्य गरि खानेपानीका बृहत योजना सम्बन्धी पहल गरिने छ।

३.पुर्ण सरसफाइको लागि टोल र वडा समितिलाई सशक्त वनाई आ आफ्नो समुदायको जिम्मेवारी बोध गराई सरसफाई कार्यक्रहरु संचालन गरिने छन्।

४. समुदायको अगुवाईमा खानेपानी सुरक्षा योजना लागु गरि सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा कार्यक्रम संचालन गरिनेछन्।

५.खानेपानी प्रणालीमा जोडिएका मुहानहरुको बार्षिक दुई पटक पानी परिक्षण गरिनेछ।

६.जलवायु परिवर्तनका कारण मुहानहरु दिनप्रतिदिन सुक्दै गएको अबस्थामा पानी मुहान संरक्षण गर्न उच्च स्थानहरुमा रिचार्ज टंकिहरुको निर्माण गरिने कार्यलाई अघाडी बढाईने छ

७. पालिकाका सवै वडाहरु **खुला दिशामुक्त क्षेत्र घोषणा भैसकेकाले पूर्ण सरसफाईको अवधारणालाई कडाइका साथ पालना गराउँदै आफ्नो घर अगाडि आफैले अनिवार्य सरसफाई र एक घर दुई फलफूलका विरुवा रोप्ने अवधारणाको विकास** गरिनेछ ।(फलफूल)

८.**एक घर एक करेसा बारी** र एक धारा**को अवधारणाका साथ ताजा फलफूल र तरकारी** तथा स्वच्छ पिउने पानिको उत्पादन, उपभोग र ब्यबस्थापनमा बृद्धि गरिनेछ।

१२. पालिका का विभिन्न स्थानबाट फोहोर संकलन गरि समवन्धीत क्षेत्रको पायक पर्ने ठाउँमा फोहोर विसर्जन केन्द्र **(Disposal Centre)** को स्थापना गरिने छ।

१३. पालिका र वडा स्तरका सम्पुर्ण विद्यालय, टोल वस्ति र समुदायमा स्वच्छ र स्वस्थ वातावरण र सेरोफेरो वनाउनका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने संघ संस्थाहरु संग हातेमालो गरि आबश्यकताको आधारमा पालिकाले पनि निश्चित मापदण्ड तयार गरि कार्यक्रममा योगदान गर्नेछ।

१४ देउरा बजारमा फोहोर व्यवस्थापन कोलागि छ वटा स्थानमा कन्टेनरको स्थापना गरि फोहोर व्यवस्थानलाइ प्राथमिकतामा राखिएको र अन्य स्थानमा समेत यसलाइ जोड दिइनेछ।

## **ई) संस्कृति प्रवर्धन**

१. देउडा, गौरापर्व, धार्मिक मेला, साँस्कृतिक संग्रहालय, नृत्य कला, परम्परागत गहना तथा पोशाक, भारीखेल, ठाडोखेल, छलिया आदि ऐतिहाँसिक साँस्कृतिक रिति रिवाजको प्र्बर्द्धनका लागि पालिकाको धार्मिक तथा साँस्कृतिक प्रोफाईल निर्माण गरिनेछ ।

२.विभिन्न धार्मिक समिति व्यबस्थापन नीर्देशिका र व्यक्तिगत आस्थामा सकारात्मक परिवर्तनका लागि सचेतना तथा प्रोत्साहन कार्यक्रमहरु संचालन गरिनेछन् ।

**उ) खेलकुद तथा मनोरंजन**

१. वार्षिक रुपमा स्थानिय स्तरका विभिन्न किसिमका प्रतिभाहरु जस्तै देउडा, नृत्य तथा अभिनय र हस्तकला सम्बन्धी पालिका स्तरिय आयोजनाहरु आयोजन गरिने छन् ।

२.बालबालिकाको सर्वाङ्गीण विकासका लागि विद्यालयहरूमा नियमित खेलकुद तथा अतिरिक्त क्रियाकलापलाई सिकाइको अभिन्न अङ्गको रुपमा विकास गर्ने विद्यालय तथा पालिकास्तरीय प्रतिस्पर्धात्मक कार्यक्रमहरूको सञ्चालनगरिनेछ ।

३.पालिकाभित्र खेलका पूर्वाधार विकास र स्तरीय खेलकुदका कार्यक्रमलाई निरन्तरता दिई खेलकुदमैत्री केदारस्युँ को रूपमा विकास गरिनेछ । यसका साथै खेलकुद तथा सिर्जनात्मक कार्यकलाप मार्फत युवा तथा बालबालिकाहरूलाई अनुशासित, स्वस्थ तन्दुरुस्त, चरित्रवान र सिर्जनशील बन्दै धूम्रपान , लागूपदार्थ र दुर्व्यसनबाट टाढा रहन उत्प्रेरित गरिनेछ ।

**ऊ) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण**

१.अपाङ्गता भएका व्यक्तिहरुका लागि सीपमूलक तालिम आयोजना गर्नुका साथै उनिहरु प्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउन विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२ पाालिकाको लैङ्गिक समानता र सामाजिक समावेशिकरणको नीतिलाई पूर्णरूपमा कार्यान्वयन गर्दै लगिने छ । आर्थिक सामाजिक लैङ्गिक रुपमा पछाडि परेका वा पारिएका महिला, एकल महिला, बालबालिका, किशोर किशोरी, दलित, अपांगता, सिमान्तकृत जनजाति,अल्पसंख्यक तथा फरक क्षमता भएका व्यक्तिहरुको बहुआयामिक शसक्तिकरणमा जोड दिई आर्थिक र सामाजिक रुपले शसक्त बनाउदै लगिनेछ ।

३.विभिन्न संघ संस्था र सरकारी निकाय मार्फत लक्षित महिलाको सशक्तिकरणको स्तर हासिल गर्नका लागि बञ्चितिमा परेका महिलालाई मूलप्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गरी लैङ्गिक समानता, नेतृतत्व विकास, प्रजनन स्वास्थ्य, आयमूलक सीपको विकास र संस्थागत सहभागिताका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४.यस पालिका क्षेत्र भित्र लैङ्गिक हिंसा, लागुऔषध, बालविवाह, बाल दुर्व्यवहार तथा बालश्रम, विभिन्न किसिमका कुरिती र कुसंस्कार जस्तैः छाउपडी, बोक्सी, दाईजो र जारी प्रथा जस्ता सामाजिक विकृति र कुरीति विरुद्धमा सचेतना, जागरण अभियान र तालिम सञ्चालन गरिनेछ ।

५.ज्येष्ठ नागरिकहरुप्रति सम्मान र आदर अभिवृद्धि गर्दै उनीहरुको सीप र अनुभव युवापुस्तामा हस्तान्तरण गर्न छलफल कार्यक्रमहरु संचालन गरिनेछन् ।

६.लैङ्गिक विभेद, जातीय आधारमा हुने छुवाछुत, समान कामको ज्यालामा हुने भेदभाव र विभेदहरुलाई निर्मुल गर्दै विभेदमुक्त गाउँपालिका बनाइनेछ ।

७.मनोसामाजिक परामर्शदाताहरुलाई थप प्रोत्साहन र क्षमता विकास तालिमको व्यबस्थापन गरिने छ ।

८.राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपांग संग सम्बन्धीत दिवशहरु अनिवार्य रुपमा मनाईने छन् ।

९.साँझेदारी संघियता सहयोग कार्यक्रमको सहकार्यमा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमको कार्यान्वयन र परिक्षणमा पारदर्शिता कायम गरिने छ ।

१०.महिला हिंसा निवारण कोष स्थापना गरि प्रत्यक विकासे कार्यक्रको शिर्षकबाट १ प्रतिशत रकम छुट्याईनेछ ।

११.पालिकाबाट प्रवाह हुने सबै लक्षित वर्गहरुको सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गरिने छ ।

१२.पालिका तथा वडा स्तरिय बाल क्लव, किशोरी समुह, महिला संजाल, महिला समुह तथा अपांग संजाल र जेष्ठ नागरिक मञ्चहरुको गठन, परिचालन र ब्यबस्थापनका साथै क्षमता विकासका विभिन्न कार्यक्रमहरु संचालन गरिने छन् ।

१३.दलित संजाललाई थप उर्जावान बनाउन दलिदहरुको हकहित, अधिकार र क्षमता अभिबद्धीका लागि अनुदान कार्यक्रममा निरन्तरता दिइने छ ।

१४. बालविबाह अन्त्यका लागि जिल्लाको बालविवाह न्युनिकरण रणनितिक योजना २०७४ लाई कार्यान्वयन गर्दै गाउँपालिकामा २०७८ भित्र बालविवाह अन्त्य गर्ने अभियानलाई निरन्तरता दिइनेछ ।

१५. महिला हिंसामा परेका चेलीहरूलाई परामर्श तथा पैरवी सेवा प्रदान गर्ने परामर्श तथा पैरवी केन्द्र स्थापना गरिनेछ।

१६ गाँउपालिकाका योजना तथा सेवा प्रवाहलाई लैंगिक उत्तरदायी बनाउनको लागि हरेक वर्ष लैंगिक समानता तथा सामाजिक समाबेशीकरण GESI उत्तरदायी बजेट परीक्षण गरिनेछ ।

**ग. भौतिक पुर्वाधार विकास**

**सभाध्यक्ष महोदय,**

यस सभामा क्षेत्रगत नीति अर्न्तगत भौतिक पूर्बाधार बिकास अन्तरगत बिषयगत नीतिहरु प्रस्तुत गर्दछु ।

**अ) सडक तथा पुल**

१. गाउँपालिका भित्र रहेका सडकहरुको बर्गीकरण गरी आबश्यक स्तरोन्नती गर्न सडक क्षेत्र भित्र वस्ति, घर तथा पुर्वाधारहरु निश्चित मापदण्ड तयार पारि सो को आधारमा निर्माण गरिनेछन् ।

२. अधुरा सडकहरुलाई विभिन्न वस्तिहरु सम्म पुगाउने कार्यलाई निरन्तरता दिईने छ ।

३. सडक संजाल गुरुयोजना तयार गरि वातावरणीय प्रभाव मापन र डि पि आर तयार गरेर मात्र सडक निर्माण गरिने छन् ।

४. छिमेकि स्थानिय तह तथा जिल्ला जोड्ने सडकलाई प्राथमिकता दिई अर्थतन्त्र प्रवर्द्धन गरिनेछ।

५. पालिका भित्र रहेका सम्पुर्ण अस्थायी पुलहरुलाई क्रमशः विस्थापित गर्न विस्तृत योजना प्रतिवेदन तयार पारी सोको आधारमा आबश्यकता अनुसार निर्माण कार्यलाई अगाडी बढाइनेछ ।

६. पालिकाका दुर्गम तथा सडकको पहुँच नभएको बस्ति तथा टोलहरुमा गोरेटो तथा घोरेटो बाटोको निर्माण तथा स्तरोन्नतीको ब्यबस्था गरिनेछ ।

**आ) सिंचाई**

१. सिंचाइ योग्य भुमिमा सिचाइको लागि आबश्यक संरचनाहरु जस्तैः सिचाइ पोखरी, सिचाइ कुलो तथा क्यानल निर्माण कार्यमा प्राथमिकता दिईनेछ ।

**इ) भवन तथा सहरी विकास**

१.प्रत्येक वडामा वडा कार्यालयका लागि भवन निर्माण कार्यकोलागि जग्गा खरिद गर्ने र खरिद भएको वडा कार्यालयमा साथै हुदै गर्दा आबश्यक सबै पुर्वाधार निर्माण गर्न रकम विनियोजन गरि निर्माण्को कार्य प्रभावकारी रुपमा अगाडी बढाइनेछ र निर्माण गर्दा बालमैत्री तथा अपांग मैत्री संरचना बनाईनेछ ।
२.राष्ट्रिय भु उपयोग नीति लागुगरि सुरक्षित आवाश निर्माणलाई जोड दिईनेछ ।
३.पालिका क्षेत्र भित्र नयाँ घर निर्माण गर्दा पालिकाले भवन निर्माण मापदण्ड तयार पारि सोहि अनुसार कार्यान्वयनमा ल्याईनेछ र पुरानो घरहरुको अभिलेखिकरण अगाडी बढाइने छ ।
४.खरका छाना भएका आवाशहरुलाई पुर्ण रुपमा विस्थापित गर्न सुरक्षित आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
५.पालिकाका मुख्य बजार संग जोड्ने सडकहरुको स्तरोन्नतीका साथै ढल निकास निर्माण गरिनेछ । सो व्यबस्था पश्चात सडक कालोपत्रे गरिनछ ।
६.विपद जोखिममा रहेका वर्गकोलागि आवास एकाई निर्माण गर्न विस्तृत योजना प्रतिबेदन तयार गरि एकीकृत बस्ति बिकास तथा आवास निर्माणमाजोड दिईनेछ ।
७.बहुबर्षिय योजनाहरुलाई समेटेर गुरुयोजना निर्माण गरिनेछ ।

**ई) उर्जा, लघु तथा साना जलिवद्युत (बैकल्पिक उर्जा समेत)**

१. गाउँपालिकाको विभिन्न आबश्यक स्थानमा सौर्य उर्जा जडान, अनुदानमा आबश्यक घरहरमा सोलार बत्ती जडान, वायु ग्यास, सुधारिएको चुलो, आधुनिक घट्ट, सडक बधीको व्यबस्थापन गरि उज्यालो केदारस्यँ गाउँपालिका निर्माण्का लागि साझेदार निकायहर संग समन्वय र सहकार्य गरि कार्यक्रम संचालन गनृ नितिलाइ निरन्तरता दिइने छ ।
२. पालिका भित्र संचालनमा रहेका साना जलविद्युत आयोजनाको मर्मत संभार तथा दिगोपनाको लागि आबश्यक कार्याक्रम संचालनमा ल्याईनेछ ।
३. राष्टिय प्रशारण लाईनलाई बाकि रहेका सबै बस्तिहरुमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

**<u>घ. वन, वातावरण तथा विपद् व्यबस्थापन</u>**

**सभाध्यक्ष महोदय,**

यस सभामा क्षेत्रगत नीति अर्न्तगत **<u>वन, वातावरण तथा विपद् व्यबस्थापन</u>** अन्तरगत बिषयगत नीतिहरु प्रस्तुत गर्दछु ।

**अ) वन तथा भुसंरक्षण**

१.बन्य जन्तुको संरक्षण गरि मानव र बन्यजन्तु विचको द्वन्द्धलाई न्यूनिकरण गर्दै वन पर्यटनको विकास गरिनेछ ।
२. प्राकृतिक श्रोत र सम्पदाका समुचित सदुपयोग गर्दै निदानुदिन मासिँदै गएको वन क्षेत्रको दिगो विकास तथा विभिन्नजैविक मार्गलाइ संरक्षण गरी स्वच्छ हावा स्वच्छ व्यक्ति र सभ्य समाज निर्माण अभियानमा जोड दिइनेछ ।
२.पालिका अन्तर्गतका हैसियत बिग्रेका वन क्षेत्र नदी किनार वा सार्वजनिक क्षेत्र बाँझो राख्ने प्रवृत्तिलाई निरूत्साहित गरि चक्लाबन्दीमा जोड दिइनेछ।
३.चोरी सिकारी अबैध निकासी पैठारी तथा बन डढेलो नियन्त्रण गर्न प्रत्येक सा. व.हरूमा बनहेरालाको व्यबस्था गरिनेछ ।
४.वन संरक्षण गर्न कृषि वन प्रणालीलाई प्रोत्साहित गरिनेछ ।

केदारस्युँ गाउँपालिका

५.विशेष वन क्षेत्रको पहिचान गरि पर्यटकिय स्वच्छउद्यान र वनभोज स्थल निर्माण गरिनेछ ।

**आ) जलाधार संरक्षण**

१.गा.पा क्षेत्र भित्र रहेका सिमसार क्षेत्रको पहिचान तथा वर्गिकरण गरि जलचर तथा जैविक विविधताको संरक्षणमा जोड दिईनेछ ।

२.पालिका भित्र रहेका पानीका स्रोत जस्तै नदि, खोला, तालतलैया र झरना आलिको संरक्षण र सम्बर्द्धन गरिने छ ।

**इ) वातावरण संरक्षण तथा जलवायु परिवर्तन**

१.प्लास्टिक झोलाको प्रयोगमा पुर्ण प्रतिबन्ध लागाई वातावरण संरक्षणमा जोड दिईनेछ ।

२.गा.पा बाट संचालन गरिने योजनाहरू प्रकृतिमैत्री बनाई योजना संगै बगैचा निर्माणको अबधारणालाई अगाडी बढाईनेछ ।

३.स्थानीय नागरिकलाइ परिवर्तित जलवायु सन्तुलनको जीवनशैली, उत्पादन र उपभोग पद्धतिको अभ्यास गर्न आवस्यक सीप, क्षमता, अभिवृद्धि गर्न प्रोत्साहन गरिनेछ । विपद् जोखिम क्षेत्रको नक्सांकन, संरक्षण र व्यवस्थापन गरिनेछ ।

४.कानुनी व्यवस्था अनुरूप प्रत्येक योजनाको वातावरण संरक्षण ऐन र नियमावली अनुसार EIA/IEE/BEA गरिनेछ ।

५.प्रत्येक परियाजनामा मा वायोइंजिनीयरिंग लगायत अफोरेस्टेशन कार्यक्रम समावेस गरिने र सो का लागि योजनाको कूल लागतको सामान्यतया १ देखि ३ प्रतिशत सम्म बजेट बिनियोजन गरिने छ ।

६.दाहसँस्कार स्थलको निमाण भै दाहसँस्कार कार्य सुचारु रहेको छ ।

**ई) फोहोर मैला तथा ढल ब्यबस्थापन**

१.स्वच्छ तथा सफा बजार राख्न फोहर फाल्ने कन्टेनरको व्यवस्था गरि सडकको दायाबाँया वृक्षारोपण गर्ने व्यवस्था मिलाइने छ ।

२.फोहोरलाई मोहरमा बदल्न विभिन्न शिपमुलक तालिमहरू संचालन गरिने छ र उत्पादित मालसामानका लागि बजारको प्रबद्धन गरिनेछ ।

३.बजार क्षेत्रबाट निस्कने तरलजन्य फोहोरलाई लाई ब्यबस्थित गर्न उचित ढलनिकासको ब्यबस्थित गरिनेछ ।

**उ) जल उत्पन्न प्रकोप नियन्त्रण**

१. धेरैजसो विपदहरूको कारण मानव ब्यबहार हुने भएकाले तत्सम्बन्धी चेतनामुलक कार्यक्रमहरू संचालन गरिने छन् ।

२. नदि तथा खोलाले कटान भएका र सम्भावित जोखिमयुक्त स्थानहरूमा तट्बन्धन निर्माण तथा वायोइन्जीनियरिङ्ग मार्फत ब्यबस्थित गरिनेछ ।

३. अबैध रूपमा उपभोग गरिने विभिन्न खानीहरूलाई ब्यबस्थित तथा आबश्यकता अनुसार बन्द गरिनेछन् ।

**ऊ) विपद् व्यबस्थापन र वारूण यन्त्र संचालन**

१.बाढी पहिरोबाट क्षति भएका पशुपंक्षी गोठ, खोर र कृषि वालि नालिलाई क्षति पूर्ति सहितको अनुदानको व्यवस्था मिलाइने छ।

२.पालिकाको विपद ब्यवस्थापन कार्यविधी अनुसार बारूण यन्त्र तथा विपद सामाग्रीहरूको ब्यबस्था मिलाइनेछ ।

३.विपद ब्यबस्थापन सम्बन्धी सचेतनामुल शन्देस प्रशारण गरि आम नागरिकहरूलाइ सचेतीकरण गरिनेछ ।

४ स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा गरि कार्यान्वनमा ल्याउन विकास साझेदार सस्थाहरु संग सहकार्य गरिनेछ ।

**ङ. संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

**सभाध्यक्ष महोदय,**

यस सभामा क्षेत्रगत नीति अर्न्तगत **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** अन्तरगत बिषयगत नीतिहरु प्रस्तुत गर्दछु ।

***जन सेवा प्रबाह , समर्पित सुशासन र सदाचार,***
***राष्ट्र सेवक कर्मचारी समृद्धिको आधार "***

**अ) संस्थागत विकासः**

१. पालिकाका तथा सवै वडा कार्यालयहरुमा दक्ष कर्मचारीको आपुर्ति गर्न संघ तथा प्रदे सरकारसंग समन्वय गर्दै पालिकाको अधिकार क्षेत्रभित्रका कर्मचारी पदपूर्तिमा तदारुकता ल्याइनेछ ।

२. कर्मचारी भर्ना गर्दा पालिकाको कर्मचारी नियमावली तथा भर्ना सम्बन्धी निर्देशिका अनुसार योग्यता, क्षमता, लैङ्गिक, समावेशीता र अनुभवलाई मुल्याङ्कन प्रणालीद्वारा छनौट गरिनेछ ।

३.**Paperless Office** को अबधारणालाई लागु गर्न गाउँपालिकामा हुने र गरिने सम्पुर्ण क्रियाकलापहरु सफ्ट कपि सुचना तथा अभिलेख केन्द्रमा **Digital Storage** गरिने ब्यवस्था मिलाईने छ ।

४. अन्य निकायवाट समायोजन हुन आउने जनशक्तिलाई आवश्यकता, क्षमता र कार्यालयको आवश्यकताका आधारमा स्वीकारीने ब्यवस्था मिलाई र उचित जिम्मेवारी दिईनेछ ।

५ गाँउपालिकाको सस्थागत स्वमूल्याकंनको नतिजाको आधारमा राम्रा अभ्यसहरुलाई निरन्तरता दिदै सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान गरि क्षमता विकास योजना तयार गरिनेछ र त्यसको कार्यान्वयमा तिव्रता ल्याइनेछ ।

६. गाउँपालिकाका स्थायी, अस्थायी र करारका कर्मचारीको काम, क्षमता र नतिजाको आधारमा मुल्याङ्कन गरि सेवामा निरन्तरता दिन कार्यसम्पादनको आधारमा सम्मान तथा पुरस्कृत गरिने छ ।

७. गाँउपालिका र प्रत्येक वडामा बिद्युतिय नागरिक वडापत्र राख्ने व्यवस्थालाई कडाईका साथ लागू गरिने छ ।

९.पालिकाकाको समग्र योजनाबद्ध विकासको लागि मध्यकालिन खर्च संरचना सहितको आबधिक योजना निर्माण गरि यसैका आधारमा विषयगत रणनितिक योजना तथा वार्षिक योजना तयार गर्ने पद्धतिको विकास गरिनेछ ।

१०. गाँउपालिकाका भित्र रहेका बाँकि सबै टोलहरु समावेश गरी टोल विकास संस्था गठन गरी योजना तर्जुमा, उपभोक्ता समिती गठन, सार्वजनिक परिक्षण तथा अनुगमन कार्यमा परिचालन गरिनेछ । साथै टोल वस्तिमा समाजिक सहिष्णुता कायम गर्न एव सामजिक कुरितिहरुको उल्मुलन गर्न परिचालन गरिने छ ।

११ टोल बिकास संस्थाहरुको क्षमता बिकास गरि पालिकाको सेवा प्रबाहमा सहयागीको रुपमा परिचालन गरी गरिनेछ ।

.१२ न्याय सम्पादनलाई वैज्ञानिक र प्रभावकारी वनाई सवै समुदायको पहुच वढाई समुदायमा शान्तिपुर्ण वातावरण सृजना गर्न न्यायिक समितीको क्षमता अभिवृद्धि गरिने छ । साथै न्यायिक समितीको कार्यमा

चुस्तता लाउन **सवै वडामा सामुदायिक मेलमिलाप केन्द्र गठन गरी सामुदायिक मेलमिलापको माध्यमबाट विवाद समाधानमा जोड दिइनेछ ।**

१३. विकास सझेदार सस्थाहरु जस्तै राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरु, समुदायमा अधारीत सस्थाहरुलाई विकासको अभियानमा संगसंगै लगिनेछ । यस्ता सस्थाहरुले यस गाँउपालिकामा कार्यक्रम गर्ने कार्यक्रम वार्षिक योजनामा समावेश गरिनेछ ।

१४. केदारस्युँ गाउँपालिकामा सर्भरको विकासका लागि सम्भाब्यता अध्ययन गरि यथासक्य प्रयोगमा ल्याइनेछ ।

१५. निजि क्षेत्रको सहभागिता **GROUP SMS, IPS, Software** मोवाईल एप, दर्ता चलानी सम्बन्धी सफट्टोयरको निर्माण गरि कार्यालयहरुमा संचालन ल्याई भर्चुअल (**Virtual**) केदारस्युँ गाउँपालिका बनाईनेछ ।

१६. सुचनाको आधारमा योजना तर्जुमा गर्ने पद्धतिको विकास गरिने छ जसका लागि गाउँपालिकाको बिद्युतिय पाश्व चित्र (**Digital Profile)** निर्माण गरि सवैको पहुचका लागि गाँउपालिको वेवसाइटमा राखिने छ ।

१७. **महालेखा परिक्षकको कार्यालयले औल्याएका बेरूजुहरू समयमै फर्छौट गर्न तदारूकताकासाथ कार्य गरिनेछ र पालिकालाई बेरूजु शून्य पालिका वनाउने नीति अवलम्बन गरिनेछ ।**

## आ) सेवा प्रवाह

१. .सेवा प्रवाहको न्यनतम मापदण्ड नमुनाको रुपमा तयार सो को कार्यान्वयन प्रणली वनाई सर्वसुलभ सेवा प्रवाह गरिनेछ ।

२ विकास एवम् सार्वजनिक सेवा प्रवाह सम्बन्धी चुनौति सामना गर्न सुचना तथा प्रविधिमा आधारित नविनतम् तथा मौलिक प्रयोग प्रबर्द्धन गर्न विषेश कार्यक्रम लागु गरिने छ ।

३ कार्यालयको गतिविधीहरुलाई निरन्तर सुचना प्रवाह गर्न सामाजिक संजाल फेसबुक, ट्वीटर र युटुवमा खोलिएका आधिकारीक अकाउण्टहरुलाई नियमितता दिइनेछ ।

४.सुचना तथा संचार प्रविधी सम्बन्धी सेवाहरु रेडियो, टेलिभिजन प्रशारणको ब्यापक पहुँच एवम् विस्तार सुनिश्चित गर्न कार्यक्रम तर्जुमा गरि लागु गरिने छ । स्थानिय संचार माध्यमको विकास र प्रवर्द्धन गर्न केदारस्युँ विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५. कार्यालयको मर्यादा Line of command र आचारसंहिता भित्र रही सार्बजनिक सेवा प्रवाहमा प्रभावकारी बनाउने निरन्तरता दिइनेछ ।

६. गाँउपालिकाले **प्रदान गरिने सेवालाई सर्वसुलभ, छरितो र प्रबिधिमैत्री बनाइनेछ । सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गर्दै, नागरिक समाज र सरोकारवलाहरूबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने** ब्यवस्था मिलाइने छ ।

७..**सेवाग्राहीलाई सरल र सहज सेवा लिन सहयोग पुर्याउन हेल्प डेस्क स्थापना गरी अविलम्व संचालन गरिनेछ ।**

८ **नागरिकलाई घर, दैलोमै सरल र सहज सेवा दिन घुम्ति सेवालाई निरन्तरता दिइनेछ ।**

## इ) सुशासन

१.सार्वजनिक सेवा प्रबाहलाई पारदर्शी, जवाफदेही, जिम्मेबार र परिणाममुखी बनाउन प्रत्येक स्थानिय तह पालिका र वडाहरुले चौमासिक रुपमा सार्वजनिक सनुवाई र समिक्षा गरिने छ । साथै सार्वजनिक सुनुवाई गर्नुपुर्व महिर्गमन अभिमत र नागरिक प्रतिबेदन पत्रको अभ्यास गरिनेछ र सो को परिणाम सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गर्ने ब्यबस्था मिलाईनेछ ।

२. गाँउपालिका तथा अन्य निकायहरुबाट निमार्ण गरिने भौतिक पूर्वाधारका योजनाहरुको अनिबार्य रुपमा सार्बजनिक परिक्षण पाश्चात मात्र आन्तिम किस्ताको रकम भूक्तानी गरिने छ ।
३ गाँउपालिले प्रत्येक बर्ष बर्षका १ पटक सामाजिक परिक्षण गरिने छ ।
४. गाँउपालिकाले चौमासिक रुपमा नागरिक समाजका सस्थाहरु संग अन्तरक्रिया गरि सुझावहरु लिनेछ साथै यस पालिकामा काम गर्ने विकास साझेदारहरु संग समेत चौमासिक रुपमा विकास गतिविधिको समिक्षा गदै सिकाई आदान प्रदान गर्ने कार्यलायई प्राथमिकताका साथ लागूगरिनेछ ।
५.कर्मचारीसंग कार्यसम्पादन संझौता गरी काम र नतिजाप्रति उत्तरदायि बनाइनेछ ।
६. गाउँपालिका र सवै वडाका कर्मचारी तथा जनप्रतिनिधीहरु लाई सुशासन, सेवा प्रवाह जस्ता विषय समेटी तालिमको ब्यबस्था गरिनेछ ।
७. कार्यलयबाट प्रदान गरीने सेवालाई गुणस्तरिय तथा समय सापेक्ष पालिकाको संस्थागत सुशासन र सेवा प्रवाह सम्बन्धी नीति र कार्ययोजना तजुमा गर्रा कार्यान्वयन गरिने छ ।
८. पालिका तथा वडाका सबै कर्मचारी र जनप्रतिनिधीहरुले कार्यालय ब्यबस्थापन नियमावली र कार्य सम्पादन निर्देशिकालाई अनुसरण गर्ने संयन्त्रको निर्माण गरिनेछ । साथै कर्मचारी आचारसंहिता कडाइका साथ ब्यबहारमा लागु गरिनेछ ।
८. गाउपालिकाको राजस्व प्रसासन सुधारको लागि राजस्व सुधार योजना तर्जुमा र कार्यन्वयनेनमा ल्याइने छ साथै आर्थिक ऐन सांसेधन गरिनेछ र कर तथा गैरकर राजस्व ऐन कार्यन्वयनमा ल्याइनेछ ।
९ यस गाउँपालिका अन्तरगत लधु उधम विकास कार्यक्रम मेडपा सिलाइ कटाइ, होजियारी, आलु चिप्स, कुखुरा पालन,हर्वल सावुन उत्पादनमा ८२ जनालाइ सिप विकास तालिम दिइयो ।

इन्द्र बहादुर भण्डारी
गाउँपालिका अध्यक्ष
केदारस्युँ गााँउपालिका

केदारस्युँ गाँउपालिका